# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, कात्तिक १६ गते, २०८२ साल (अतिरिक्ताङ्क २१


## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

## सवारी चालक अनुमतिपत्र स्वास्थ्य परीक्षण कार्यविधि, २०८२

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

<u>प्रस्तावना:</u> सेवाग्राहीले चालक अनुमतिपत्रको लागि स्वास्थ्य परीक्षण गर्दा सो कार्य छिटो, सहज र प्रभावकारी बनाउन उपलब्ध जनशक्तिको व्यवस्थापन गरी गुणस्तरीय चिकित्सा सेवा प्रवाह गर्न आवश्यक भएकोले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १८० ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"सवारी चालक अनुमतिपत्र स्वास्थ्य परीक्षण कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"ऐन"** भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ सम्झनु पर्छ।

(ख) **"कार्यालय"** भन्नाले कोशी प्रदेशको यातायात व्यवस्था/सेवा कार्यालयलाई सम्झनुपर्छ।

(ग) **"चिकित्सक"** भन्नाले नियमावलीको नियम २२ को उपनियम (३क) बमोजिमको स्वास्थ्य परीक्षण गर्न योग्य व्यक्ति सम्झनुपर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) **“नियमावली”** भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ सम्झनु पर्छ।

(ङ) **“मन्त्रालय”** भन्नाले कोशी प्रदेशको यातायात व्यवस्था हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(च) **“सेवाग्राही”** भन्नाले सवारी चालक अनुमतिपत्रको नयाँ दर्ता, वर्ग थप र नवीकरण गर्ने आवेदकलाई सम्झनु पर्छ।

(छ) **“स्वास्थ्य परीक्षण”** भन्नाले नियमावलीको नियम २२ को उपनियम (२), (३) र (४) बमोजिम गरिने स्वास्थ्य परीक्षण सम्झनुपर्छ।

## परिच्छेद-२

## स्वास्थ्य परीक्षण सेवा

३. स्वास्थ्य परीक्षणः (१) नियमावलीको नियम २२ को उपनियम (३क) बमोजिमका चिकित्सकले सेवाग्राहीको देहाय बमोजिमका विषयको निरोगिताको परीक्षण गर्नु पर्नेछः-

(क) छारे रोग नभएको वा मानसिक सन्तुलन नगुमाएको वा एकाएक रिङ्गटा लाग्ने वा मूर्छा हुने किसिमको रोग नभएको,

(ख) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा, कृत्रिम लेन्स प्रयोग गर्दा सामान्य तवरले देख्ने शक्ति ठीक भएको,

स्पष्टीकरणः यस खण्ड बमोजिम **“सामान्य तवर”** भन्नाले चश्मा प्रयोग गरेर ६/१२ र चश्मा प्रयोग

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

नगरी ६/२४ सम्मको दुरी देख्न सक्ने गरी बुझ्नु पर्छ।

(ग) साधारण ध्वनि संकेत, आवाज सुन्न सक्ने क्षमता नगुमाएको वा Hearing Aid लगाएर सुन्न सक्ने भएको,

(घ) रातो, हरियो, पहेलो आदि रङ्गहरू छुट्याउन नसक्ने गरी (Color Blind) दृष्टिदोष नभएको,

(ङ) रतन्धो नभएको,

(च) दुवै हात खुट्टा शक्तिहीन नभएको,

(छ) दुवै आँखा भएको,

(२) उपदफा (१) बमोजिम स्वास्थ्य परीक्षण गर्नु अगावै सेवाग्राहीले अनुसूची-१ बमोजिमको स्वः घोषणा फाराम अनिवार्य भर्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम दृष्टि जाँच गर्दा Vision Chart र सेवाग्राहीको दुरी ६ मिटरको हुनु पर्ने र सो सम्भव नभए ऐना प्रयोग गरी ३ मिटरसम्मको दूरी बनाउनु पर्नेछ।

(४) उपदफा (१) को खण्ड (घ) बमोजिम Colour Blindness परीक्षण गर्दा *Ishihara or Color Vision Plates* मार्फत गर्नु पर्नेछ।

(५) उपदफा (१) को खण्ड (च) बमोजिम हात खुट्टा जाँच गर्दा कृत्रिम अङ्ग भए नभएको परीक्षण गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

४. **<u>विशेषज्ञ चिकित्सकलाई सिफारिस गर्न सक्नेः</u>** चिकित्सकले सेवाग्राहीको स्वास्थ्य परीक्षण गर्दा शारीरिक अपाङ्गता भएको वा सवारी चालक अनुमतिपत्रका लागि सक्षम भए नभएको अवस्था यकिन गर्न थप आवश्यक देखिएमा विशेषज्ञ चिकित्सकलाई सिफारिस गर्न सक्नेछ।

५. **<u>स्वास्थ्य परीक्षण सामग्री</u>**ः स्वास्थ्य परीक्षणको लागि आवश्यक न्यूनतम स्वास्थ्य सामग्री अनुसूची-२ बमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>चिकित्सक व्यवस्थापन</u>

६. **<u>चिकित्सक व्यवस्थापन</u>**ः मन्त्रालयले सेवाग्राहीको स्वास्थ्य परीक्षणका लागि नियमावलीको नियम २२ को उपनियम ३ को खण्ड (क) बमोजिमका चिकित्सक व्यवस्थापन दफा ७ वा दफा ८ वा दफा ९अनुसार गर्नु पर्नेछ।

७. **<u>संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत चिकित्सकबाट स्वास्थ्य परीक्षण गराउन सक्नेः</u>**(१) मन्त्रालयले स्वास्थ्य मन्त्रालय कोशी प्रदेशसँग समन्वय गरी संघ, प्रदेश वा स्थानीय तह मातहतका स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकबाट स्वास्थ्य परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य परीक्षण गराउन सक्ने स्वास्थ्य संस्था र सम्बन्धित चिकित्सकको नाम मन्त्रालयले स्वास्थ्य मन्त्रालय कोशी प्रदेशसँग माग गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) उपदफा (२) बमोजिमका चिकित्सकसँग मन्त्रालयले अनुसूची-३ बमोजिम सम्झौता गरी स्वास्थ्य परीक्षणको काममा लगाउनु पर्नेछ। यसरी सम्झौता गरिएका चिकित्सकलाई मन्त्रालयले स्वास्थ्य परीक्षणको लागि विकास गरिएको सफ्टवेयरको User ID र Password उपलब्ध गराउनु पर्नेछ।

(४) सेवाग्राहीले स्वास्थ्य संस्थामा गई उपदफा (३) बमोजिमका चिकित्सकसँग स्वास्थ्य परीक्षण गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम गरिएको स्वास्थ्य परीक्षणको विवरण चिकित्सकले सफ्टवेयरमा प्रविष्टि गर्नु पर्नेछ।

(६) स्वास्थ्य परीक्षण गराउन आउने सेवाग्राहीको अभिलेख अनुसूची-४ बमोजिम राख्नु पर्नेछ र उक्त अभिलेख मासिक रुपमा सम्बन्धित कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

(७) यस दफा बमोजिम खटिएका चिकित्सकलाई दफा १० को उपदफा (३) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउन सकिनेछ।

८. <u>चिकित्सकलाई सेवा करारमा नियुक्त गरी स्वास्थ्य परीक्षण गराउन सक्ने</u>: (१) मन्त्रालयले स्वास्थ्य परीक्षणको लागि प्रदेश सरकारद्वारा स्वीकृत भएको अस्थायी दरबन्दीमा सेवा करारमा चिकित्सक नियुक्ति गरी सेवाग्राहीको स्वास्थ्य परीक्षण गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(२) उपदफा (१) बमोजिमको अस्थायी दरबन्दीमा पदपूर्तिका लागि लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगको वैकल्पिक सूची वा अस्थायी योग्यता सूचीमा रहेका उम्मेद्वारहरूलाई समेत मन्त्रालयले सेवा करारमा सोझै नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचीमा रहेका उम्मेद्वारहरूबाट पदपूर्ति नभएमा करार सेवाको नियुक्तिका लागि मन्त्रालयले स्वास्थ्य मन्त्रालय कोशी प्रदेशसँग आवश्यक संख्या सहित माग गर्न सक्नेछ।

(४) स्वास्थ्य मन्त्रालयले स्वीकृत मापदण्ड अनुसार छनौट प्रणाली अवलम्बन गरी चिकित्सक नियुक्तिको लागि वैकल्पिकको सूची सहित मन्त्रालयलाई सिफारिस गर्नु पर्नेछ।

(५) मन्त्रालयले स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको सिफारिस बमोजिम चिकित्सकलाई सेवा करारमा नियुक्ति गरी यातायात व्यवस्था कार्यालयमा खटाउन सक्नेछ। कार्यालयले चिकित्सकसँग अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गरी कामकाजमा लगाउनु पर्नेछ।

(६) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले चिकित्सकको पदपूर्ति हुन नसकी सेवाग्राहीको स्वास्थ्य परीक्षण हुन नसक्ने विशेष परिस्थिति सृजना भएमा स्वास्थ्य मन्त्रालय कोशी प्रदेशसँगको समन्वयमा मन्त्रालयले सोझै वार्ताबाट चिकित्सकलाई नियुक्त गरी कामकाजमा लगाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(७) यस दफा बमोजिम नियुक्त भएका चिकित्सकको पारिश्रमिक, प्रोत्साहन तथा अन्य सुविधा सम्बन्धित कार्यालय मार्फत भुक्तानी हुनेछ।

(८) कार्यबोझ अत्याधिक भएका कार्यालयहरूमा स्वीकृत दरबन्दी बाहेक स्वास्थ्य मन्त्रालय वा अन्तर्गतका निकायमा कार्यरत चिकित्सकलाई मन्त्रालय वा स्वास्थ्य मन्त्रालयले काजमा खटाउन सक्नेछ।

(९) यस दफा बमोजिम नियुक्त भएका वा काजमा खटिएका चिकित्सकलाई दफा १० को उपदफा (३) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउन सकिनेछ।

(१०) यस दफा बमोजिम खटिएका चिकित्सकले कार्यालयमा आएका सेवाग्राहीको स्वास्थ्य परीक्षण गर्नुपर्ने पर्नेछ र उक्त स्वास्थ्य परीक्षणको विवरण सफ्टवेयरमा प्रविष्टि समेत गर्नु पर्नेछ।

(११) यस दफा बमोजिम स्वास्थ्य परीक्षण गराउन आउने सेवाग्राहीको अभिलेख अनुसूची-४ बमोजिम राख्नु पर्नेछ र उक्त अभिलेख मासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

९. <u>चिकित्सक सूचीकृत गरी स्वास्थ्य परीक्षण गराउन सकिने</u>: (१) मन्त्रालयले सेवाग्राहीको स्वास्थ्य परीक्षण गर्न नियमावलीको नियम २२ को उपनियम (३क) बमोजिमको योग्यता पुगेका इच्छुक चिकित्सकहरू मार्फत समेत स्वास्थ्य परीक्षणको सेवा उपलब्ध गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) मन्त्रालयले चिकित्सकलाई प्रचलित कानून बमोजिम सेवाग्राहीको स्वास्थ्य परीक्षणका लागि सूचीकृत हुन सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(३) उपदफा (१) बमोजिम योग्यता भएका स्वास्थ्य परीक्षण गर्न इच्छुक चिकित्सकले उपदफा (२) बमोजिम सूचना प्रकाशन भएपछि सूचीकृत हुन मन्त्रालयमा आवेदन दिन सक्नेछ।

(४) दफा ११ बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिले उपदफा (३) बमोजिमको आवेदन उपर मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिमको सिफारिसको आधारमा मन्त्रालयले प्रचलित कानून बमोजिम चिकित्सकलाई सूचीकृत गर्नेछ।

(६) उपदफा (५) बमोजिम सूचीकृत भएका चिकित्सकसँग मन्त्रालयले अनुसूची-६ को ढाँचामा सम्झौता गरी स्वास्थ्य परीक्षण गराउन सक्नेछ।

(७) उपदफा (५) बमोजिम सम्झौता गरिएका सूचीकृत चिकित्सकलाई स्वास्थ्य परीक्षण सम्बन्धी सफ्टवेर चलाउन मन्त्रालयले User ID र Password उपलब्ध गराउनेछ।

(८) सेवाग्राहीले उपदफा (५) बमोजिम सम्झौता गरिएका चिकित्सकसँग स्वास्थ्य परीक्षण गराउनु पर्नेछ।

(९) चिकित्सकले स्वास्थ्य परीक्षण गरी मन्त्रालयले दिएको सफ्टवेयरमा प्रविष्टि गर्नु पर्नेछ। साथै, अनुसूची-४

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

बमोजिमको अभिलेख तयार गरी मासिकरूपमा सम्बन्धित कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-४

## चिकित्सकको पारिश्रमिक तथा सेवा, सुविधा

१०. पारिश्रमिक तथा सेवा सुविधाः (१) दफा ८ बमोजिम नियुक्त चिकित्सकलाई अधिकृतस्तर आठौं तह सरहको पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराइनेछ।

(२) दफा ८ बमोजिम नियुक्त चिकित्सकलाई उपदफा (३) बमोजिमकोप्रोत्साहन सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) प्रोत्साहन सुविधा उपलब्ध गराउने प्रयोजनको लागि एकजना चिकित्सकले एक दिनमा सत्तरी जना भन्दा बढी सेवाग्राहीलाई सेवा उपलब्ध गराएमा देहाय बमोजिम प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ।

(क) सत्तरी जना भन्दा माथि प्रति सेवाग्राही रु. ३० का दरले उपलब्ध गराइनेछ।

(ख) तर, खण्ड (क) बमोजिमको प्रोत्साहन भत्ता शुरु तलब स्केलको आधाभन्दा बढी नहुनेगरी मासिक रूपमा उपलब्ध गराइनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्सकले सार्वजनिक बिदाको दिन सेवाग्राहीको स्वास्थ्य परीक्षण गरेमा प्रति दिनका लागि एक दिन बराबरको थप तलब प्रोत्साहन स्वरूप उपलब्ध गराइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(५) प्रोत्साहन भत्ता उपलब्ध गराउन अनुसूची-४ बमोजिमको अभिलेख भर्न लगाई कार्यालय प्रमुखले अनिवार्य रूपमा प्रमाणित गर्नु पर्नेछ।

(६) मन्त्रालयले चिकित्सकलाई अर्को कार्यालयमा काजमा खटाउँदा नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ।

## परिच्छेद-५
## विविध

११. **अनुगमन र मूल्याङ्कनः** (१) स्वास्थ्य परीक्षण सेवाको अनुगमनका लागि देहाय बमोजिमको अनुगमन र मुल्याङ्कन समिति रहनेछः-

(क) प्रमुख, यातायात व्यवस्था महाशाखा, मन्त्रालय -संयोजक

(ख) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश - सदस्य

(ग) शाखा अधिकृत, यातायात व्यवस्था शाखा, मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालयहरूमा स्वास्थ्य परीक्षणको कामकारबाही यस कार्यविधि बमोजिम भए नभएको अनुगमन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) दफा ९ को उपदफा (४) बमोजिम मूल्याङ्कन गरी मन्त्रालय समक्ष पेस गर्ने,

(ग) स्वास्थ्य परीक्षण गराएका सेवाग्राहीहरूको अभिलेखको अनुगमन गर्ने,

(घ) स्वास्थ्य परीक्षणमा देखिएका समस्याको सुधारको लागि सुझाव दिने,

(ङ) स्वास्थ्य परीक्षण सेवालाई प्रभावकारी बनाउने विषयमा अध्ययन गरी मन्त्रालयमा प्रतिवेदन पेस गर्ने।

१२. <u>आचारसंहिता</u>: (१) चिकित्सकले प्रचलित कानून बमोजिमको आचारसंहिता बाहेकका देहाय बमोजिमका थप आचारसंहिता पालना गर्नु पर्नेछः-

(क) मन्त्रालयले प्रदान गरेको User ID र Password गोप्य राख्ने, दुरुपयोग हुन नदिने।

(ख) सेवाग्राहीका स्वास्थ्यसँग सम्बन्धित विवरण गोप्य राख्ने।

(ग) सेवा प्रवाह गर्दा एप्रोन (ड्रेस कोड) अनिवार्य लगाउने।

१३. <u>बाधा अड्काउ फुकाउ</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको प्रतिकूल नहुने गरी मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१४. बचाउः यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि यस कार्यविधि बमोजिम भए गरेका कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

१५. अनुसूची हेरफेरः मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-१

(दफा ३ को उपदफा (२)सँग सम्बन्धित)

### स्वः घोषणा फाराम

| क्र. सं. | परीक्षण विषय | चिकित्सकले सोध्ने प्रश्न | विकल्प | |
|---|---|---|---|---|
| १. | स्नायु/ मानसिक स्वास्थ्य | के तपाइँमा छारे रोग छ? | छ | छैन |
| | | तपाइँलाई कुनै प्रकारको मानसिक समस्या छ? | छ | छैन |
| | | के तपाइँलाई अकस्मात् रिङ्गटा लाग्ने वा मूर्छा हुने समस्या छ? | छ | छैन |
| २. | दृष्टि | के तपाई चस्मा,कृत्रिम लेन्स प्रयोग गर्नु हुन्छ? | गर्छु | गर्दिन |
| | | चस्मा वा कृत्रिम लेन्स लगाएर सामान्य रूपमा देख्न सक्नु हुन्छ? | सक्छु | सक्दिन |
| | | के तपाइँले रातो, हरियो, पहेँलो रङ्ग छुट्याउन सक्नु हुन्छ? | सक्छु | सक्दिन |
| | | तपाई दुवै आँखा देख्न सक्नु हुन्छ? | सक्छु | सक्दिन |
| | | के तपाइँलाई अँध्यारोमा वा रातमा देख्न गाह्रो हुन्छ? | हुन्छ | हुँदैन |
| ३. | श्रवण | के तपाइँलाई साधारण ध्वनि संकेत वा आवाज सुन्न गाह्रो हुन्छ? | हुन्छ | हुँदैन |
| | | के तपाई Hearing Aid प्रयोग गर्नुहुन्छ? | गर्छु | गर्दिन |
| ४. | | के तपाइँका दुवै हात खुट्टा सामान्य छन्? | छ | छैन |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | शारीरिक क्षमता | के तपाइँले हात खुट्टामा कृतिम अङ्ग प्रयोग गर्नु भएको छ? | छ | छैन |
| ५. | अन्य | के तपाइँलाई कुनै दीर्घ रोगहरू वा अन्य शारीरिक समस्या छन्, जसले गर्दा सवारी चलाउँदा जोखिम हुन सक्छ? | छन् | छैनन् |

माथिको विवरण मैले जाने बुझेसम्म ठीक साँचो हो। झूटो ठहरेमा कानून बमोजिमको सजाय भोग्न तयार छु।

आवेदकको नामः

आवेदकको नम्बरः

दस्तखतः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-२
(दफा ५ सँग सम्बन्धित)

**स्वास्थ्य परीक्षण गर्दा आवश्यक पर्ने सामग्रीहरू**

| क्र.सं. | सामग्री |
|---|---|
| १. | *Eye chart* (Snellen or equivalent) |
| २. | *Ishihara or Color Vision Plates for detecting color blindness* |
| ३. | *Stethoscope, Blood Pressure Cuff, and other common tools for general health checks* |
| ४. | First Aid Box |
| ५. | Height and Weight Box |
| ६. | **Pinhole Occlude** |
| ७. | अन्य आवश्यक सामग्रीहरू |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-३

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**सम्झौता-पत्र**

कोशी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर, नेपाल।

**सम्झौता-पत्र**

हामी यस सम्झौता अन्तर्गत दुईपक्ष, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर, नेपाल (यसपछि पहिलो पक्ष भनिएको) र डा. ............... संघ/प्रदेश/ स्थानीय तह मातहत रहेको ...........स्वास्थ्यमा कार्यरत NMC/NAMC/.......... No. .............., का चिकित्सक श्री..........................(यसपछि दोस्रो पक्ष भनिएको) का बीच आ.ब. .........../........... का लागि यातायात व्यवस्था/सेवा कार्यालय, ................ मा सवारी चालक अनुमति-पत्रको लागि आउने सेवाग्राहीहरूको स्वास्थ्य परीक्षण गर्नका लागि निम्नानुसार सर्तहरूको अधिनमा रही दुवै पक्षको मन्जुरीले यो सम्झौता-पत्रमा हस्ताक्षर गरी १/१ प्रति लियौं/दियौं।

**कार्यसर्तहरू (TOR):-**

१. यो सम्झौताको अवधी .......... साल असार मसान्तसम्म लागू हुनेछ।

२. कार्यालयमा सवारी चालक अनुमति-पत्रको नयाँ दर्ता, नवीकरण, र वर्ग थपका लागि प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ तथा प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ को नियम २२,सवारी चालक अनुमति-पत्रसँग सम्बन्धित स्वास्थ्य परीक्षण कार्यविधि २०८२ बमोजिम सेवाग्राहीले पेस गर्नु पर्ने निरोगिताको प्रमाणपत्र सम्बन्धित सेवाग्राही उपस्थित भएमा मात्र गर्नु पर्नेछ।

३. प्रचलित ऐन, नियमको प्रतिकूल हुने गरी निरोगिताको प्रमाणपत्र प्रमाणित गर्न पाइने छैन। गरेको पाइएमा त्यसको सम्पूर्ण जिम्मेवार दोस्रो पक्ष स्वयम् हुनेछ।

४. स्वास्थ्य परीक्षणको लागि सम्बन्धित चिकित्सक (दोस्रो पक्ष) लाई सफ्टवेयरको युजर आइ.डि. दिइने छ र त्यसको माध्यमबाट आफ्नो पासवर्ड सिष्टम मार्फत्

स्वास्थ्य परीक्षणको बेहोरा इन्ट्री गर्नु पर्नेछ र सोको जवाफदेहिता स्वयम् चिकित्सकमा रहनेछ।

५. चिकित्सकले आफ्नो कार्यालय समयभरी स्वास्थ्य परीक्षणको सेवा दिनु पर्नेछ।

६. दोस्रो पक्षको करार अवधिभित्र नै सरूवा भएमा वालामो बिदामा बसेमा सोको जानकारी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

७. दोस्रो पक्षले प्रथम पक्षबाट प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि,मापदण्ड अनुसारको प्रोत्साहन दिन सक्नेछ।

८. यो सम्झौता पत्रमा उल्लिखित कुराहरू यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**दोस्रो पक्षको तर्फबाट**

हस्ताक्षरः-

नामः- डा. श्री .....................

पदः- मेडिकल अधिकृत

संस्थाको नामः ...................

सम्पर्क नं.-....................

**प्रथम पक्षको तर्फबाट**

हस्ताक्षरः-

नामः- ......................

पदः- महाशाखा प्रमुख

आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर, नेपाल।

**इति सम्बत् ............... साल ......... महिना....... गते रोज ......... शुभम्।**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-४

(दफा ७ को उपदफा (६),दफा ८ को उपदफा (११), दफा ९ को उपदफा (९) र दफा १० को उपदफा (५) सँग सम्बन्धित)

**स्वास्थ्य परीक्षण गराउन आउने सेवाग्राहीको अभिलेख**

कार्यालयको नामः मितिः

| क्र.स. | सेवाग्राहीको नाम | आवेदक नम्बर | लिङ्ग | उमेर | नतिजा | चिकित्सकको नाम |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |

जम्मा स्वास्थ्य परीक्षण गरिएको संख्याः योग्य उम्मेद्वार संख्याः रिफर गरिएको संख्याः

तयार गर्ने प्रमाणित गर्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-५

(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

**कार्यालयले चिकित्सकसँग गर्ने सम्झौता**

कोशी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय,

यातायात व्यवस्था/सेवा कार्यालय, ......................

.................., नेपाल

**सम्झौता-पत्र**

हामी यस सम्झौता अन्तर्गत दुईपक्ष, यातायात व्यवस्था/सेवा कार्यालय................, नेपाल (यसपछि पहिलो पक्ष भनिएको) र डा. श्री...................................NMC/NAMC/......... No. ............, (यसपछि दोस्रो पक्ष भनिएको) का बिच आ.ब. ......./....... मा सवारी चालक अनुमति-पत्रको नयाँ, वर्गथप र नवीकरण गर्न आउने सेवाग्राहीहरूको स्वास्थ्य परीक्षण गर्नका लागि निम्नानुसार सर्तहरूको अधीनमा रही दुवै पक्षको मन्जुरीले यो सम्झौता-पत्रमा हस्ताक्षर गरी १/१ प्रति लियौं/दियौं।

**कार्यसर्तहरू (TOR):-**

१. यो सम्झौताको अवधी .............. साल असार मसान्तसम्म लागू हुनेछ।

२. सवारी चालक अनुमति-पत्र नवीकरण, नयाँ दर्ता र वर्ग थपका लागि प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ तथा प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ को नियम २२, सवारी चालक अनुमति-पत्रसँग सम्बन्धित स्वास्थ्य परीक्षण कार्यविधि २०८२ बमोजिम सेवाग्राहीले पेस गर्नुपर्ने निरोगिताको प्रमाणपत्र सम्बन्धित सेवाग्राही उपस्थित भएमा मात्र गर्नु पर्नेछ।

३. प्रचलित ऐन नियमको प्रतिकूल हुने गरी निरोगिताको प्रमाणपत्र प्रमाणित गर्न पाइने छैन। गरेको पाइएमा त्यसको सम्पूर्ण जिम्मेवार दोस्रो पक्ष स्वयम् हुनेछ।

४. स्वास्थ्य परीक्षणको लागि सम्बन्धित चिकित्सक (दोस्रो पक्ष) लाई सफ्टवेयरको युजर आइ.डि. दिइने छ र त्यसको माध्यमबाट आफ्नो पासवर्ड सिष्टम मार्फत स्वास्थ्य परीक्षणको व्यहोरा इन्ट्री गर्नु पर्नेछ र सोको जवाफदेहिता स्वयम् चिकित्सकमा रहनेछ।

५. चिकित्सकले कार्यालय समयभरी स्वास्थ्य परीक्षणको सेवा दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६. दोस्रो पक्षलाई प्रथम पक्षले प्रदेश सरकारले निर्धारण गरे बमोजिम तलब, भत्ता, सुविधा प्रदान गर्नु पर्नेछ। प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि अनुसार थप प्रोत्सहान सुविधा उपलब्ध गराउनु पर्नेछ।

७. दोस्रो पक्षले करार अवधिभन्दा अगावै करार सेवा भङ्ग गर्न चाहेमा प्रथम पक्षलाई कम्तीमा ३० दिन अगाबै जानकारी गराउनु पर्नेछ।

८. चिकित्सकको सेवा सन्तोषजनक नभएमा प्रथम पक्षले जुनसुकै बेला करार भङ्ग गर्न सक्नेछ।

९. यो सम्झौता पत्रमा उल्लिखित कुराहरू यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**दोस्रो पक्षको तर्फबाट**

हस्ताक्षरः-

नामः- डा. श्री .....................

पदः- मेडिकल अधिकृत

ठेगानाः- ........................

सम्पर्क नं.- ....................

**प्रथम पक्षको तर्फबाट**

हस्ताक्षरः-

नामः- ......................

पदः- कार्यालय प्रमुख

कार्यालयः- ....................

ठेगानाः- ...................

**इति सम्बत् ............... साल ......... महिना....... गते रोज ......... शुभम्।**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-६

### दफा ९ को उपदफा (६) सँग सम्बन्धित

### मन्त्रालयले सूचीकृत चिकित्सकसँग गर्ने सम्झौता-पत्र

कोशी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर, नेपाल।

### सम्झौता-पत्र

हामी यस सम्झौता अन्तर्गत दुईपक्ष, कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर, नेपाल (यसपछि पहिलो पक्ष भनिएको) र डा. श्री ......................NMC/NAMC/......... No. ............, .................गा.पा./न.पा./उपम.न.पा./म.न.पा.-....., .................. (यसपछि दोस्रो पक्ष भनिएको) का बिच आ.ब. ................ का लागि यातायात व्यवस्था/सेवा कार्यालयहरू, कोशी प्रदेशका लागि सवारी चालक अनुमति-पत्रको लागि आवश्यक सेवाग्राहीहरूको स्वास्थ्य परीक्षण गर्नका लागि प्रति सेवाग्राही रु. ........।- (अक्षरेपी रु. ............ रुपैयाँ मात्र) लिने गरी निम्नानुसार सर्तहरूको अधीनमा रही दुवै पक्षको मन्जुरीले यो सम्झौता-पत्रमा हस्ताक्षर गरी १/१ प्रति लियौं/दियौं।

**कार्यसर्तहरू (TOR):-**

१. यो सम्झौताको अवधी ................ साल असार मसान्तसम्म लागू हुनेछ।

२. कार्यालयमा सवारी चालक अनुमति-पत्र नवीकरण, नयाँ दर्ता र वर्ग थपका लागि प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ तथा प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ को नियम २२,सवारी चालक अनुमति पत्रसँग सम्बन्धित स्वास्थ्य परीक्षण कार्यविध २०८२ बमोजिम सेवाग्राहीले पेस गर्नु पर्ने निरोगिताको प्रमाणपत्र सम्बन्धित सेवाग्राही उपस्थित भएमा मात्र गर्नु पर्नेछ।

३. प्रचलित ऐन नियमको प्रतिकूल हुने गरी निरोगिताको प्रमाणपत्र प्रमाणित गर्न पाइने छैन। गरेको पाइएमा त्यसको सम्पूर्ण जिम्मेवार दोस्रो पक्ष स्वयम् हुनेछ।

४. स्वास्थ्य परीक्षणको लागि सम्बन्धित चिकित्सक (दोस्रो पक्ष) लाई सफ्टवेयरको युजर आइ.डि. दिइने छ र त्यसको माध्यमबाट आफ्नो पासवर्ड सिष्टम मार्फत् स्वास्थ्य परीक्षणको व्यहोरा इन्ट्री गर्नु पर्नेछ र सोको जवाफदेहिता स्वयम् चिकित्सकमा रहनेछ।

५. चिकित्सकले कार्यालय समयभरी स्वास्थ्य परीक्षणको सेवा दिनु पर्नेछ। यसरी सेवा दिँदा आफू कार्यरत स्वास्थ्य संस्था वा कार्यालय परिसर नजिकै क्लिनिक खोली सेवा प्रदान गर्न सकिनेछ। सोको लागि आवश्यक पर्ने दर्ता, अनुमति लगायतका कार्य दोस्रो पक्ष स्वयम्ले गर्नु पर्नेछ।

६. दोस्रो पक्षले प्रथम पक्ष समक्ष कुनै तलब, भत्ता, सुविधा वा पारिश्रमिक माग दावी गर्न पाउने छैन।

७. दोस्रो पक्षले करार अवधिभन्दा अगावै करार सेवा भङ्ग गर्न चाहेमा प्रथम पक्षलाई कम्तीमा ३० दिन अगाबै जानकारी गराउनु पर्नेछ।

८. चिकित्सकको सेवा सन्तोषजनक नभएमा प्रथम पक्षले जुनसुकै बेला करार भङ्ग गर्न सक्नेछ।

९. यो सम्झौता पत्रमा उल्लिखित कुराहरू यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः- | हस्ताक्षरः- |
| नामः- डा. श्री ..................... | नामः- ...................... |
| पदः- मेडिकल अधिकृत | पदः- महाशाखा प्रमुख |
| संस्थाको नामः ................... | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| सम्पर्क नं.-.................... | विराटनगर, नेपाल। |

**इति सम्बत् .............. साल ......... महिना ....... गते रोज ......... शुभम्।**

स्वीकृत मितिः- २०८२/०७/१६

**आज्ञाले,**
**राम प्रसाद आचार्य**
**प्रदेश सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
**website: moial.koshi.gov.np**